दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक १८२ | बुटवल | २०८३ असार २३ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday July 07, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# सरकारको कार्यशैलीमाथि विपक्षी दलको प्रश्नैप्रश्न

सरकारको शासकीय सुधारको सूचीलाई कांग्रेसले हात्तीको देखाउने दाँतको संज्ञा दिँदै प्रधानमन्त्री र मन्त्रिहरूको सुन र सम्पत्तिको स्रोतमाथि प्रश्न उठाएको छ । प्रधानमन्त्रीले मस्तिष्कमा उत्तर कोरिया बोकेर हिंडेको भान भइरहेको टिप्पणी गर्दै रवि लामिछानेले सय दिनमा विदेशबाट फर्काउने भनिएका कम्तीमा सय युवा कुन विमानबाट आए भन्दै पेचिलो प्रश्न गरेको छ ।



**लुम्बिनी संवाददाता**

*बुटवल*

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले बालेन्द्र शाह नेतृत्वको सरकारको कार्यशैलीमाथि थुप्रै प्रश्नहरु उठाउँदै गम्भीर आरोप लगाएको छ । कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले सोमबार प्रतिनिधिसभामा सरकारको सय दिनको कामबारे समीक्षात्मक टिप्पणी प्रस्तुत गरेका छन् ।

रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह नेतृत्वको गएको चैत १३ गते बनेको सरकारले शनिबार १०० दिन पूरा गरेको थियो । प्रमुख विपक्षी कांग्रेसले सरकारको 'हनिमुन पिरियड' सकिएपछि सदनमा आफ्नो धारणा प्रस्तुत गरेको हो ।

सरकारको शासकीय सुधारको सूचीलाई कांग्रेसले हात्तीको देखाउने दाँतको संज्ञा दिएको छ । उनले भने- "सरकारले सार्वजनिक गरेको सय बुँदे शासकीय सुधारको सूची र ती सूचीहरूको कार्यान्वयन स्थिति हेर्दा हात्तीको देखाउने दाँत मात्र रहेछ भन्ने पुष्टि भयो ।"

आङ्देम्बेको टिप्पणी छ- "कागजमा सुधार, व्यवहारमा अपारदर्शिता, भाषणमा सुशासन, कार्यशैलीमा चयनात्मकता, प्रतिबद्धतामा लोकतन्त्र, अभ्यासमा एकल निर्णय । जनतालाई आशा देखाइयो तर परिणाम निराशाजनक आयो ।" सबै कुरा जनताले 'कालो डायरी'मा टिपोट गरिरहेको विश्वास उनको छ ।

कांग्रेसले प्रधानमन्त्री शाहलाई संसदीय उत्तरदायित्व सम्झाएको छ । र, प्रश्न तेर्साएको छ- 'प्रधानमन्त्रीको प्राथमिकतामा संसद् नपरेपछि संसदीय लोकतन्त्र कसरी बलियो हुन्छ ।'

संसद्बाट प्रधानमन्त्री बनेका शाहले धुरी चढेपछि सिँढी बिर्सिएको टिप्पणी आङ्देम्बेले गरे । "सय दिनमा प्रधानमन्त्रीजीको कार्यशैली हेरेपछि म प्रधानमन्त्रीजीलाई स्मरण गराउँछु कि धुरीमा चढेपछि सिँढी भुल्नु हुँदैन । तपाईं सत्ताको धुरी चढ्ने अनि तपाईंलाई धुरीमा पुऱ्याउने संसद बिर्सिने ? संसदलाई अवमूल्यन गर्ने ?," -आङ्देम्बेले सोधे ।

उनले लोकतन्त्रमा लोकप्रिय हुनु र उत्तरदायी हुनु एउटै कुरा नभएको बताए । प्रधानमन्त्री संसद् नजाने तर सामाजिक सञ्जालबाट आफ्ना सन्देश दिइरहेकेप्रति कटाक्ष गर्दै 'भाइरल' हुने बाटो त्याग्न आग्रह गरे ।

"सामाजिक सञ्जालमा भाइरल हुन सजिलो छ, तर देशको प्रधानमन्त्रीका रूपमा गहन र गम्भीर हुँदै काम गर्न गाह्रो छ । त्यसैले प्रधानमन्त्रीज्यू, तपाईंले भाइरल हुने बाटो त्याग्नुहोस् । भूली दिनुहोस् । तपाईं देशको प्रधानमन्त्री भइसक्नुभयो," आङ्देम्बेले सदनमा भने ।

गएको असार ७ गते चितवनमा भएको पार्टीको महाधिवेशनमा प्रधानमन्त्रीले सरकारको गति 'एक्सप्रेस वे'मा रहेको बताएका थिए । त्यसमा आङ्देम्बेले कटाक्ष गरे-"प्रधानमन्त्रीका रूपमा मुलुकलाई सही ढङ्गले 'ड्राइभ' गर्नुहोस् । 'एक्सप्रेस वे'मा नै 'ड्राइभ' गर्नुहोस् तर निकै सम्हालिएर । दुर्घटनामा पर्दा तपाईं मात्रै होइन सिङ्गो देश दुर्घटनामा पर्छ ।"

उनले विपक्षी दलका नेता बोल्दा सदनमा प्रधानमन्त्री उपस्थित हुनुपर्ने अभ्यास पनि सुनाए । प्रधानमन्त्री बालेनको खोजी संसद्मा निरन्तर भइरहेको छ । जेठ १७ गते नेपालले पनि भारतको भूमि मिचेको भन्ने अभिव्यक्ति दिएपछि उनी संसद् गएका छैनन् ।

कांग्रेसले प्रधानमन्त्री शाहलाई उत्तर कोरियाली नेता किमजोङ उनसँग तुलना गरेको छ । आङ्देम्बेले सरकारको कार्यशैलीप्रति टिप्पणी गर्दै प्रधानमन्त्रीले मस्तिष्कमा उत्तर कोरिया बोकेर हिँडेको भान भइरहेको टिप्पणी गरे । सरकारले सहकार्य र संवाद नगरेकोमा आपत्ति जनाए । सरकार संवादभन्दा दूरी, सहकार्यभन्दा टकराव र परामर्शभन्दा एकल निर्णयलाई प्राथमिकता दिएको विश्लेषण आङ्देम्बेको छ ।

राष्ट्रिय महत्वका विषयमा साझा धारणा बनाउँदै अघि बढ्नुपर्नेमा सरकार एक्लै अघि बढ्न बढेकोमा चिन्ता पनि व्यक्त गरे ।

"सुल्टो बाटोबाट आएका प्रधानमन्त्रीजीले जुत्ता उल्टो लगाउन खोजेपछि निश्चित छ, सही गन्तव्यमा पुग्न सकिँदैन । गन्तव्यमा पुग्न सुल्टै बाटो हिँड्नुपर्छ । फेरि छिटो हिँडेर मात्रै पनि पुगिँदैन," आङ्देम्बेको टिप्पणी छ-"हिँड्ने बाटो सही हुनुपर्छ र प्रधानमन्त्रीजी लोकतान्त्रिक संविधानको बाटोबाट आउनुभयो, तर मष्तिष्कमा उत्तर कोरिया बोकेर हिँड्नुभएको भान मलाई भएको छ । यो राम्रो संकेत पटक्कै होइन ।"

सरकारले राष्ट्रिय सहमतिका लागि हात बढाए कांग्रेस सधैं सकारात्मक भूमिका खेल्न तयार रहेको सुनाए । मन्त्री-प्रधानमन्त्रीका सुनको स्रोतमाथि छानबिन गर्न तयार हो ?

कांग्रेसले प्रधानमन्त्री र उनको मन्त्रिपरिषद्का सदस्यहरूको सुनको स्रोतमाथि प्रश्न उठाएको छ । गएको चैत ३० गते सार्वजनिक भएको प्रधानमन्त्रीको सम्पत्तिमा पत्नि सविना काफ्लेको नाममा १९० तोला गरगहना रहेको उल्लेख छ । जुन पैत्रिक सम्पत्तिबाट प्राप्त भएको उल्लेख छ ।

मन्त्रीहरूसँग पनि सुनैसुन देखिन्छ । त्यही विषयमा विपक्षी दलका नेता आङ्देम्बेले प्रश्न तेर्साएका हुन् ।

"३५ वर्षसम्म देशमा काम गर्ने वातावरण भएन भन्नुभयो प्रधानमन्त्रीजीले । तर, प्रधानमन्त्रीजीको सम्पत्तिमा झण्डै दुई सय तोला सुन देखियो । करोड बढी बैंक मौज्दात देखियो । प्रधानमन्त्रीजी ! नेपाली कांग्रेसले तपाईंले किन सुन आर्जन गर्नुभयो ? सोध्दैन र खोज्दैन । तर, सुन आर्जनको स्रोत के हो ?," -उनले सोधे ।

उनले जुनसुकै दलको जुनसुकै पदमा रहेको व्यक्तिहरूको सम्पत्ति छानबिन गर्न आफूहरू तयार रहेको सुनाए । त्यसको सुरुवात प्रतिपक्षी दलको नेताको हैसियतमा आफू र सत्ताको नेतृत्वको कर्ताको हैसियतमा प्रधानमन्त्रीबाट सुरु गर्ने प्रस्ताव गरे ।

"पूर्वप्रधानमन्त्रीहरूको पनि सम्पत्तिको छानबिन गरौँ । अरु पूर्व उच्च पदस्थ राजनीतिक र कर्मचारी क-कसको छानबिन गर्नुपर्छ गरौँ तर सुरुवात अरुबाट होइन, हामीबाटै गरौँ । प्रधानमन्त्रीजी तयार हो तपाईं ?," आङ्देम्बेले भने- "म तयार छु । छानबिन आफैंमाथि चाहिँ नगर्ने, अरुमाथि मात्रै गर्ने भन्ने हुँदैन ।" उनले सरकारका मन्त्रीहरू कानुनभन्दा माथि देखिएकामा आपत्ति पनि जनाए । सम्पत्ति छानबिन गर्दा कानुन बनाएर मात्रै गर्नुपर्ने धारणा आङ्देम्बेको छ ।

**सरकारका काममा ठड्याए औंला**

कांग्रेसले सरकारले सुकुम्वासी बस्तीमा अन्धाधुन्ध रूपमा डोजर चलाएकोप्रति आपत्ति जनाएको छ । वर्षायामको मुखमा वैकल्पिक व्यवस्थाविना विस्थापित गरिएकोमा आङ्देम्बेले आक्रोश पोखे । नागरिकको जीवन कति सुरक्षित बनायो भन्नेबाट सरकारको सफलता मापन हुने भनाइ उनको छ ।

"के यो देश ठूलाबडाको मात्रै हो ? कालो चस्मा, कालै कोट पाइन्ट लाएर कालै गाडीमा हुइँकिनेहरूको मात्रै हो ? सुकुम्वासी, अव्यवस्थित बसोबासी, गरिब, किसान र मजदुरको चाहिँ यो देश होइन ?

» बाँकी ३ पेजमा

## संविधानका मूलभूत विषय चलाए विद्रोह : हर्क र आरेन



बुटवल । श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले संविधान संशोधन गर्ने बहस हुनुलाई अन्यथा लिन नसकिने बताएका छन् । तर, संविधानका मुलभुत विषय चलाउन खोजिए त्यसले सही गन्तव्य पहिल्याउन नसकिने उनको आग्रह छ ।

'यो संविधानलाई संशोधन गर्नुपर्छ भन्ने हिसावले जुन खालको कुराकानी भइराखेको छ । यसबारे हामीलाई जानकारी प्राप्त छ,' उनी भन्छन्-'संघीयता, समावेशी र धर्मनिरपेक्षता । यो तीनटा कुरामा तलमाथि हुने गरी दखखल अन्दाज गर्न खोजियो भने फेरि देशमा दुर्घटना हामीले जानेर/नजानेर सचेतनाका साथ या बेहोसीमा त्यो दुर्घटना हामीले निम्त्याउनेछौं ।'

संविधानका आधारभूत विषय नचलाइ आवश्यक सुधार गर्न सकिने उनको आग्रह छ । यस्तै श्रम संस्कृति पार्टीका सांसद आरेन राइले लोकतन्त्रमाथि छेडखानी गरे विद्रोह हुने चेतावनी दिएका छन् ।

'संविधान संशोधनको नाममा लोकतन्त्रमाथि छेडखानी गरियो भने फेरि यो सिंहदरवारको विरुद्धमा अथवा सिंहदरवारमा बस्ने शासकहरूको विरुद्धमा फेरि पनि विद्रोह हुन्छ ।'-सोमबार प्रतिनिधिसभाको बैठकमा बोल्दै उनले भने ।

चुनाव अगाडि मधेश प्रदेशको जनकपुरमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै बालेन्द्र शाह (बालेन)ले प्रदेशलाई थप बलियो बनाउने बताएका थिए । तर प्रधानमन्त्री भएपछि त्यसअनुसारको व्यवहार हुन नसकेको भनेर विपक्षी दलहरूले प्रश्न उठाउँदै आएका छन् ।

सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीको प्रथम महाधिवेशनमा उपसभापति डा. स्वर्णिम वाग्लेले प्रस्तुत गरेको प्रतिवेदनमा प्रदेशसभा खारेज गर्ने विषय समावेश छ । जसलाई महाधिवेशनले अगाडि बढाएको छ ।

यो पृष्ठभूमिमा श्रम संस्कृति पार्टीका सांसद राईले संविधान संशोधन गर्ने भए अझ बलियो प्रदेश, अझ धेरै समावेशी अधिकार प्रदान गर्नुपर्ने बताए । महिलाको उपस्थिति राज्यका सबै निकायमा ५० प्रतिशत पुऱ्याउने गरी संविधान संशोधन गर्न सुझाए । अन्यथा, लोकतन्त्रमाथि छेडखानी गर्न खोजिए फेरि विद्रोह हुने चेतावनी दिए ।

## सुमार्गीको सम्पत्ति छानबिन नगर : सर्वोच्च



बुटवल । सर्वोच्च अदालतले व्यवसायी अजय सुमार्गी पराजुलीमाथि अघि बढेको सम्पत्ति शुद्धीकरणको अनुसन्धान थप अघि नबढाउन अन्तरिम आदेश जारी गरेको छ । न्यायाधीश बालकृष्ण ढकालको इजलासले सुमार्गीको निवेदनमाथि प्रारम्भिक सुनुवाइपछि गत शुक्रवार जारी गरेको आदेशमा भनिएको छ-'निवेदकका विरुद्धमा कुनै कामकारबाही नगर्नू/नगराउनू ।'

वर्षौंदेखि आफूमाथि पटकपटक अनुसन्धान भइरहेको भन्दै सुमार्गीले अहिले फेरि शुरु भएको अनुसन्धान रोक्न माग गरेका थिए । त्यही निवेदनको सुनुवाइपछि सर्वोच्चले प्रारम्भिक सुनुवाइपछि अन्तरिम आदेश जारी गरेको हो । दुई साताअघि विभागले सुमार्गीको पासपोर्ट रोक्का गरेको थियो, त्यसपछि उनी सर्वोच्च अदालत गएका थिए ।

सर्वोच्चको एकल इजलासले दुईवटा मुद्दाको आधार दिएर सुमार्गीमाथि अनुसन्धान अघि नबढाउनु भनेको थियो । ती दुवै मुद्दा उनी आवद्ध कम्पनीसँग सम्बन्धित छन् र सर्वोच्च अदालतबाट यसअघि नै निर्णय भइसकेका हुन् ।

उनी आबद्ध दुई कम्पनीहरुले यसअघि नै विदेशबाट ऋणको रुपमा ल्याउन खोजिएको रकम नेपाल राष्ट्र बैंकले रोक्का राखेको भन्दै सर्वोच्च अदालत गएका थिए । सर्वोच्च अदालतले उनको कम्पनीको पक्षमा आदेश नगरेपछि एउटा मुद्दामा उनीमाथिको अनुसन्धान छ महिनाभित्र टुग्यांउनु भनेको थियो । शुक्रबार एकल इजलासले त्यही फैसलालाई आधार देखाउँदै अनुसन्धान अघि नबढाउनु भनी अन्तरिम आदेश दिएको हो ।

सुमार्गी आबद्ध नेपाल स्याटेलाइट टेलिकम प्रालि आफूले नेपाल भित्र्याउन लागेको बैदेशिक ऋण नेपाल राष्ट्र बैंकले विनाकारण रोकेको भन्दै २०७४ सालमा सर्वोच्च अदालत गएको थियो ।

» बाँकी ३ पेजमा

## पाल्हीनन्दनका अध्यक्ष गुप्ताविरुद्ध भ्रष्टाचार मुद्दा



बुटवल । गैरकानुनी सम्पत्ति आर्जन गरेर भ्रष्टाचार गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नवलपरासीको पाल्हीनन्दन गाउँपालिकाका पूर्वअध्यक्ष बैजु प्रसाद गुप्ताविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

अख्तियारले उनीमाथि गैरकानुनी सम्पत्ति आर्जन गरी परिवारका सदस्य र नातेदारको नाममा सम्पत्ति लुकाएको आरोप लगाएको हो । अख्तियारले उनीमाथि ३ करोड ४५ लाख रुपैयाँ भ्रष्टाचार गरेको भन्दै त्यति रकम विगो मागदाबी गरेको छ । गुप्ता असार, २०७४ देखि पाँच वर्ष पाल्हीनन्द गाउँपालिकाको अध्यक्ष थिए । उनले त्यो अवधिमा साढे तीन करोड रुपैयाँ गैरकानुनी रुपमा कमाएको भेटिएको अख्तियारको दाबी छ ।

कुल ६ करोड ९७ लाख रुपैयाँ सम्पत्ति जोडेका गुप्ताले ३ करोड ५१ लाख रुपैयाँ मात्रै वैध रुपमा आम्दानी गरेको अख्तियारको दाबी छ । अख्तियारले उनीसहित उनका बाबु वंशराज गुप्ता, आमा धानमती तेली, श्रीमतीहरू शारदा आचार्य गुप्ता र सुलोचना गुप्तालाई पनि सम्पत्ति जफत गर्ने प्रयोजनका लागि प्रतिवादी बनाएको छ ।

यसअघि गुप्तालाई लागुऔषध मुद्दामा एक वर्ष कैद र दुई लाख जरिवाना सजाय भएको थियो ।

नवलपरासी जिल्ला अदालतका न्यायाधीश केशवप्रसाद अधिकारीको इजलासले गुप्तालाई कैदसँगै आठ हजार रुपैयाँ क्षतिपूर्ति शुल्क राहत कोषमा दाखिला गर्न आदेश भएको थियो । पूर्वप्रहरीसमेत रहेका गाउँपालिकाका प्रहरी रघुनाथ धोबीलाई पनि दुई वर्ष कैद र चार लाख जरिवानाको फैसला भएको थियो । गुप्ता माओवादीबाट दोस्रोपटक गाउँपालिका अध्यक्षमा निर्वाचित भएका थिए । यो मुद्दामा पाल्हिनन्दन गाउँपालिका- ३ का मन्टु भनिने विवेकप्रसाद फरार थिए । २६ असोज ०७९ मा अदालतमा मुद्दा दायर भएको थियो ।

व्यापारिक प्रतिशोधमा प्रहरी प्रयोग गरी लागुऔषध मुद्दामा फसाइएका दुई भारतीय नागरिक रामा गुप्ता (साह) र जितेन्द्र पासवानले सफाइ पाएका थिए ।

गुप्ता र पासवानबाट २२ असार ०७९ मा रामग्रामको पिपरहियाबाट २७० सेट डाइजेपाम, नुरफिन र फेनार्गन लागुऔषध बरामद भएको विवरण सार्वजनिक गरिएको थियो ।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# एक चीन नीतिप्रति प्रतिबद्धता

नेपालले विगतदेखि नै एक चीन नीतिप्रति प्रतिबद्धता जनाउँदै आएको भए पनि पछिल्ला गतिविधिले नेपालको प्रतिबद्धतामा व्यवहारिक कार्यान्वयनमा समस्या देखिएको छ । पछिल्ला दिनमा देखिएका गतिविधिले नेपाललाई अविश्वसनीय बनाउन बल पुऱ्याएको छ। जेनजी आन्दोलन र विध्वंश पछि चीन विरोधी गतिविधि बढिरहेका छन् । बालेन्द्र नेतृत्वको सरकारले पनि चीनलाई विश्वासमा लिन सकिरहेको छैन। छिमेक पहिला भन्ने विदेश नीति भनिए पनि व्यवहारमा एक चीन नीतिप्रतिको भरपर्दो प्रतिबद्धताको अभाव देखिएको छ।

सोमबार तिब्बती धार्मिक नेता दलाई लामाको जन्मदिनको अवसरमा काठमाडौंमा कार्यक्रम आयोजना भयो । यो कार्यक्रममा विभिन्न देशका कुटनीतिज्ञ समेत सहभागी भए। यो कार्यक्रम नेपालको एक चीन नीतिविरुद्धको कार्यक्रम हो । यसअघि पनि केही यस्ता कार्यक्रम भए जुन एक चीन नीति प्रतिकुल छन् । स्वतन्त्र तिब्बतका अभियन्ताहरुको खुलेयाम आगमन र उनीहरुका कार्यक्रम चीन विरोधी गतिविधिका उदाहरण हुन् । २९ जनवरीमा दलाई लामा निकट धर्मगुरु जोनाङ ग्याल्त्साब रिन्पोछेको नेपाल आगमनमा सरकारी तहबाटै भएको स्वागतले गम्भीर प्रश्न जन्मायो। धार्मिक प्रवचनको नाममा यहाँ आउने र तिब्बत स्वतन्त्रताको गतिविधि गर्नेविरुद्ध सरकारी तहबाटै स्वागत र सुरक्षा व्यवस्थापन गर्नु विदेश सम्बन्धप्रति सरकारको खेलाँची हो ।

सन् १९७० मा तिब्बतमा जन्मेका धर्मगुरु जोनाङ ग्याल्त्साब रिन्पोछे सन १९९३ देखि भारतमा बस्न थालेका हुन्। दलाइ लामाबाट दिक्षित यी धर्म गुरुका गतिविधिप्रति उत्तरी छिमेकी चीनले गम्भीर ढंगले लिनु र त्यसप्रति सरकारले सामान्य रुपमा लिनुले मुलुक झनै कमजोर हुँदै जाने जोखिम छ। नेपालमा भएको जेनजी आन्दोलन र विध्वंशमा बाह्य प्रभाव र  हस्तक्षेप भएको अब लुकेको विषय होइन्, यो आन्दोलनपछि नै हो, चीनलाई चिढ्याउने गरी चीन विरोधी गतिविधि भएको । नेपालले कुनै छिमेकी देशको सार्वभौमसत्ताविरुद्ध गतिविधि गर्न दिँदैन भन्ने प्रष्ट नीतिप्रति व्यवहारमा प्रतिबद्धता खोजिरहेको चीनलाई चिढयाउनु मुलुकलाई कमजोर पार्नु हो । दलाई लामाको जन्मदिन मनाउन सरकारले अनुमति दिएको भन्ने कुरा पनि सार्वजनिक भएका छन्, तर प्रहरी अधिकारीहरु कुनै अनुमति नदिएको प्रष्टिकरण दिइरहेका छन् । यदि सरकारी निकायबाट अनुमति दिएको हो भने त्यो सामान्य विषय होइन् ।

सरकारको कुटनीतिक अपरिपक्कताले नेपाल भूराजनीतिक जोखिममा परेको छ। कुटनीतिक अपरिपक्कताले मुलुकलाई कमजोर बनाउँछ। विदेश सम्बन्धमा छिमेक नीति पहिलो हुनुपर्छ। परिपक्क राजनैतिक नेतृत्वले लिने यस्तो निर्णयले नै मुलुकको बाह्य सम्बन्धलाई भरपर्दो र विश्वासिलो बनाउन  सक्छ। तर सरकारका पछिल्ला गतिविधिले मुलुकलाई अविश्वनीय बनाइरहेको छ । मुलुकलाई भूराजनैतिक जोखिमबाट बचाउने हो भने आगामी दिनमा छिमेकको संवेदनशिलता संबोधन गर्नुपर्छ। नेपालमा तिब्बतीहरुको गतिविधिमाथि निगरानी र नियन्त्रण राखेर एक चीन नीतिप्रति प्रतिबद्ध रहेको व्यवहारिक ढंगले सन्देश देऊ । स्वतन्त्र तिब्बत पक्षधरको गएको जेनजी आन्दोलनमा सहभागिताले शसंकित चीनसँग राम्रो सम्बन्ध बनाउन एक चीन नीतिप्रतिको प्रतिबद्धताको विषय बोलीमा होइन, व्यवहारमा कार्यान्वयन गरेर देखाऊ ।

## समीक्षा

# 'टंकमणि एक क्रान्तिबीज' माथि विहङ्गम दृष्टि



डा.घनश्याम न्यौपाने "परिश्रमी"

जनयुद्धका क्रममा उनको उपचार गर्दा आफूले पुऱ्याएको सेवाको लागि गौरवान्वित भएको महसुस गरेका छन् । डम्मरसिंह ठकुरीले उनलाई बहुआयामिक क्षमताका कमरेड भनेका छन् । खेलराज पाण्डेले टंकमणिको अवसानपश्चात् परिवारले जुन खालको समस्या भोगिरहेको छ त्यसमा पार्टीले ध्यान दिनुपर्छ भन्ने विचार राखेका छन् ।  पारसमणि पौडेल (आकाश)ले विद्यार्थी राजनीतिदेखि नै रामप्रसाद बन्जाडे र आफू मैदी कारबाहीसम्म र चुनवाङदेखि प्रत्याक्रमणको ब्याटलसम्म सँगै रहेको उल्लेख गरेका छन् । प्रकाश शर्मा ज्ञवालीले बुटवलमा भूमिगत पुस्तकालय स्थापना र सञ्चालनमा टंकमणिको विशेष योगदान रहेको कुरा बताएका छन् ।

भर्खरै पढेर सकेँ, टंकमणि एक क्रान्तिबीज (२०८२) नामक कृति । यो प्रगतिवादी चेतना र चिन्तनका पत्रकार गोपीराम ज्ञवालीद्वारा सम्पादित कृति हो । मूलतः विद्यार्थी अवस्थामा अखिल छैटौँमा आबद्ध रहेर वामपन्थी राजनीतिर्क लागेका रामप्रसाद बन्जाडे(२०२३-२०७८) नै तत्कालीन नेकपा माओवादीमा टंकमणि नामबाट परिचित छन् । यिनको जीवन सङ्घर्षको पर्याय हो भन्न सकिन्छ । पार्टीकै काममा खट्दै गरेको अवस्थामा २०७८ सालको मङ्सिर ८ गते सडक दुर्घटनामा परेर निधन भएका रामप्रसाद बन्जाडे (पार्टीमा चर्चित नाम टंकमणि)को बारेमा लेखिएका लेखहरूको सङ्कलनका रूपमा यो कृति पाठकलोकमा आएको छ।

पुष्पकमल दाहाल प्रचण्डको विशिष्ट क्षमताका योद्धा, डा. बाबुराम भट्टराईको असम्भव भन्ने शब्द टंकमणिको डायरीमा थिएन, नारायणप्रसाद बन्जाडेको दाजु रामप्रसालको जीवन र सङ्घर्ष, राम कार्की (पार्थ)को फूल स्याहार्ने बारुदवाला, मणि थापाको एक 'फ्रन्टलाइनर' योद्धा, खुशबू भण्डारी बन्जाडेको मेरो जून अस्ताए पनि मलाई उज्यालो दिइरहनेछ, दिनानाथ शर्माको एक निष्ठावान् योद्धा, चक्रपाणि खनाल(बलदेव)को जनयुद्धको पहिलो ग्रिनेट र टंकमणि, हरिबोल गजुरेलको क्रान्तिवीर अमर रहुन्, रेखा शर्माको क्रन्तिको फिलिङ्गो हुनुहुन्थ्यो टंकमणि, देवेन्द्र पौडेल 'सुनिल'को जहिल्यै उत्तिकै सक्रिय, चिरन बरालको कलाकारका कमान्डर, डीआर घिमिरेको स्मृतिमा रामप्रसाद बन्जाडे, शम्भु राईको मलाई माओवादी बनाउने मान्छे, नीलकण्ठ तिवारीको टंकमणिको जेलयात्राको साक्षी, ठाकुरप्रसाद चापागाईंको कमणिका उदाहरणीय जुक्तिहरू, लेखनाथ न्यौपानेको सम्झनामा रामप्रसाद दाइ, चिनक कुर्मीको शाही सत्ताद्वारा पोषित प्रतिकार समितिसँग जुध्दा, विनबहादुर कुँवरको भावपूर्ण श्रद्धाञ्जली कमरेड बन्जाडे, जगप्रसाद शर्मा (अपार)को गहिरो सम्झनामा टंकमणि, वामदेव क्षेत्री (घिमिरे)को साहसका प्रतीक, कमल चुँदालीको मेरो बाल्यकालदेखिको साथी, वर्षमान पुन (अनन्त)को जीनमै क्रान्तिकारी गुण भएको मान्छे, सुदर्शन बरालको स्मृतिमा कमरेड रामप्रसाद बन्जाडे, डा. बालकृष्ण चापागाईंको टंकमणि अमर रहनेछन्, गङ्गा पन्थीको जीवनभर उत्साहित क्रान्तिकारी, जयवन्तविक्रम शाहको जनयुद्धका जिउँदा सहिदको उपचारमा लाग्दा, डम्मरसिंह ठकुरीको बहुआयामिक क्षमताका कमरेड, खेलराज पाण्डेको  सङ्घर्षशील व्यक्तिको परिवारलाई पार्टीले संरक्षण गनुपर्छ, पारसमणि पौडेल (आकाश)को मैदी चौकी रेडदेखि नवलपरासीको प्रतिकारसम्म, प्रकाश शर्मा ज्ञवालीको भूमिगतपुस्तकालयसँग जोडिएको कथाका साथै गोपी ज्ञवालीको म त क्रान्तिबीज हुँ फूलझैँ फक्रिदिन्छु समेत गरी यस कृतिमा बत्तीस जना व्यक्तिहरूका लेख समाविष्ट छन् ।

यसरी नै यस कृतिको आरम्भमा गोपीराम ज्ञवालीको आफ्ना कुरा शीर्षकमा प्रकाशकीय मन्तव्य रहेको छ भने यसपछि जो क्रान्तिकै लागि जन्मिए र क्रान्तिमै अस्ताए शीर्षकको भूमिका रहेको छ दिल साहनीको । कृतिको अन्तमा टंकमणिको राजनीतिक तथा पारिवारिक संलग्नताका केही रङ्गीन तस्विरहरू रहेका छन् ।

माओवादी जनयुद्धका नायक प्रचण्डले आफ्नो लेखमा उनलाई विशिष्ट चरित्र र विशेषता भएका योद्धा भनेका छन् भने डा. बाबुराम भट्टराईले नेपालको वामपन्थी आन्दोलनका विशिष्ट व्यक्तित्व मानेका छन् । नारायणप्रसाद बन्जाडेले उनको जीवनवृत्त, स्वभाव र सङ्घर्षको चर्चा गरेका छन् । राम कार्की (पार्थ)ले पार्टीले खटाएको जिम्मेवारीमा उनले खतराको मापन कहिल्यै गरेनन् भनेका छन् । मणि थापाले पार्टीले उनको सही मूल्याङ्कन गर्न नसकेको कुरा उल्लेख गरेका छन् । खुशबू भण्डारी बन्जाडको लेखमा उनलाई क्रान्तिको सिपाही, केटाकेटीका लागि आदर्श पिता र आफ्ना लागि अमिट छाप छोड्ने प्रेमीका रूपमा लिइएको छ । दिनानाथ शर्माले आफूसँगका केही प्रसङ्गहरूको चर्चासहित टंकमणिलाई एक निष्ठावान् योद्धा भनेका छन् । चक्रमणि खनाल (बलदेव)ले टंकमणि जीवनभरि जोखिमपूर्ण राजनीति गरेर सहज राजनीतिक परिस्थिति रहेको समयमा अस्ताएको बताएका छन् । हरिबोल गजुरेलले नेपालको वामपन्थी आन्दोलनले टंकमणिलाई युगौँयुग सम्झिरहनेछ भन्नेमा म ढुक्क छु भनेका छन् । रेखा शमाले टंकमणि गोरखाको जौबारी चौकी आक्रमणका क्रममा ग्रिनेट विस्फोटनमा परी घाइते भएको दुःखद प्रसङ्गसहित उनको साहसको चर्चा गरेकी छन् । देवेन्द्र पौडेल 'सुनिल'ले उनको सक्रियताको खुलेर प्रशंसा गरेका छन् । यसरी नै चिरण बरालले उनलाई कलाका कमान्डर मानेका छन् । डीआर घिमिरेले पुराना स्मृतिहरू उल्लेख गर्दै उनलाई अवसर नपाएका नेता भनेका छन् । शम्भु राईले  आफूलाई माओवादी बनाउने मान्छे भन्दै उनलाई क्रान्तिकारी योद्धा मानेका छन् । नीलकण्ठ तिवारीले टंकमणिसँगको जेलको बसाइ र भेटका विविध घटनाहरूको उल्लेख गरेका

छन् । ठाकुरप्रसाद चापागाईंले जनयुद्धका क्रममा टंकमणिका उदाहरणीय जुक्तिहरूको उल्लेख गरेका छन् ।

लेखनाथ न्यौपानेले विद्यार्थी जीवनदेखिका घटनाहरूको सम्झना गर्दै उनलाई अवसरबाट वञ्चित गराइएको ठहर गरेका छन् । चिनक कुर्मीले शाही सत्ताद्वारा पोषित प्रतिकार समितिसँग जुध्दाको घटनालाई विषय बनाउँदै पार्टीले उनको सही मूल्याङ्कन नगरेको बताएका छन् । विनबहादुर कुँवरले निजी सम्पत्ति र निजी परिवारप्रति उनको मोह कहिल्यै नभएको बताएका छन् । जगप्रसाद शर्मा (अपार)ले उनको राजनीतिक जीवनका सबल र दुर्बल पक्षहरूको समीक्षा गर्दै केही हदसम्म भए पनि घरपरिवारलाई व्यवस्थापन र अझ मुख्यतः आत्मनिर्भर बन्नुपर्छ भन्ने व्यावहारिक चेतना दिन सफल व्यक्ति मानेका छन् । वामदेव क्षेत्री (घिमिरे)ले उनलाई उदाहरणहरूसहित साहसका प्रतीक घोषित गरेका छन् । कमल चुँदालीले स्वाभिमान, आत्मनिर्भरता, मितव्ययिता, सहयोगीपन, योजना निर्माणमा निपुणता, कामको प्राथमिकीकरण गर्ने कला, समस्या र अवसरको सही व्यवस्थापन, सिद्धान्त र व्यवहारको समायोजन गर्ने क्षमता र कठोर दृढताटंकमणिबाट सिक्नुपर्ने सारभूत कुरा हुन् भनेका छन् । वर्षमान पुन (अनन्त)ले विभिन्न प्रसङ्गहरू उल्लेख गर्दै उनलाई जीनमै क्रान्तिकारी गुण भएको मान्छे भनेका छन् । सुदर्शन बरालले टंकमणिसँग भूमिगत अवस्थामा बुटवलमा भेट भएको प्रसङ्गसहित उनी रूपन्देहीमा जिल्ला इन्चार्जको भूमिकामा रहँदा होस् वा नरहँदा पनि पार्टीको काममा खट्ने व्यक्तिका रूपमा चर्चा गरेका छन् ।

डा. बालकृष्ण चापागाईंले टंकमणिको विचार, स्वभाव र अविचलित दृष्टिकोणको सारमा चर्चा गर्दै उनी अमर रहनेछन् भनेका छन् । गङ्गा पन्थीले जीवनभर उत्साहित क्रान्तिकारीका रूपमा उनको चर्चा गरेकी छन् । जयवन्त विक्रम शाहले उनलाई मिलनसार र कर्मनिष्ठ भन्दै जनयुद्धका क्रममा उनको उपचार गर्दा आफूले पुऱ्याएको सेवाको लागि गौरवान्वित भएको महसुस गरेका छन् । डम्मरसिंह ठकुरीले उनलाई बहुआयामिक क्षमताका कमरेड भनेका छन् । खेलराज पाण्डेले टंकमणिको अवसानपश्चात् परिवारले जुन खालको समस्या भोगिरहेको छ त्यसमा पार्टीले ध्यान दिनुपर्छ भन्ने विचार राखेका छन् । पारसमणि पौडेल (आकाश)ले विद्यार्थी राजनीतिदेखि नै रामप्रसाद बन्जाडे र आफू मैदी कारबाहीसम्म र चुनवाङदेखि प्रत्याक्रमणको ब्याटलसम्म सँगै रहेको उल्लेख गरेका छन् । प्रकाश शर्मा ज्ञवालीले बुटवलमा भूमिगत पुस्तकालय स्थापना र सञ्चालनमा टंकमणिको विशेष योगदान रहेको कुरा बताएका छन् । गोपी ज्ञवालीले लखनऊमा टंकमणि र आफू एउटा फ्ल्याट लिएर बसेको अवस्थामा आफू बिरामी पर्दा टंकमणिबाट पाएको सेवासुश्रूषाको मार्मिक रूपमा उल्लेख गर्दै टंकमणिकै शब्दहरूलाई शीर्षकबद्ध गरेका छन् उनलाई माओवादी आन्दोलनको नेपाली चे भनेका छन् ।

समग्रमा यस कृतिलाई एकातिर रामप्रसाद बन्जाडेको राजनीतिक तथा पारिवारिक जीवनको फेहरिस्त मान्न सकिन्छ भने अर्कातिर माओवादी जनयुद्धका विभिन्न घटना प्रतिघटनाहरूमा उनको आबद्धतासहितको विशद विवेचनाको ऐनाका रूपमा लिन सकिन्छ । यस कृतिले माओवादी जनयुद्धका कतिपय रोचक र मार्मिक पक्षहरूको उजागर गरेको छ । यस्तो महत्त्वपूर्ण कृतिको संयोजन र सम्पादनका लागि गोपीराम ज्ञवालीलाई धेरै धेरै धन्यवाद !

# प्रजनन् रुग्णता र उपचार

समिता घिमिरे

> महिलाहरू लाज,
> डर, जानकारीको कमी,
> समाजको हेर्ने दृष्टिकोण
> वा आर्थिक समस्याका
> कारण फिस्टुला र पाठेघर
> खस्ने समस्याको उपचार
> लिन हिच्किचाउँछन् ।

प्रजनन् स्वास्थ्य भनेको प्रजनन् प्रणाली, प्रजनन् अङ्ग र तिनका कार्य तथा प्रक्रियाहरूसँग सम्बन्धित सबै कुराहरूमा कुनै रोग वा कमजोरी नभएको अवस्था हुनु मात्र नभई यो व्यक्तिको शारीरिक, मानसिक तथा सामाजिक रूपमा समेत पूर्ण रूपमा समृद्ध भएको एक अवस्था हो । मानिस प्रजनन् रूपमा पूर्ण स्वस्थ हुनका लागि उसका प्रजनन् अङ्गहरू ठिक, सबल हुनुमात्र नभई प्रजनन् तथा यौनसम्बन्धी मानसिकता, दृष्टिकोण, अवधारणा, सोच आदि पनि सकारात्मक हुनु जरूरी छ ।

प्रजनन रुणता भन्नाले प्रजनन् प्रणालीसँग सम्बन्धित कुनै पनि प्रकारका रोग, समस्या वा जटिलतालाई जनाइन्छ, जसले महिला वा पुरुषको प्रजनन स्वास्थ्यमा नकारात्मक असर पार्दछ । जस्तै;आङ खस्ने समस्या, पाठेघरको क्यान्सर, स्तन क्यान्सर र अब्सटेट्रिक फिस्टुला ।

नेपालको हकमा ब्लोबल क्यान्सर अब्जरभेटरी को सन् २०२२ को तथ्यांक अनुसार नेपालमा सबैभन्दा बढी हुने क्यान्सर भनेको फोक्सोको क्यान्सर हो। महिला केन्द्रित भई तथ्यांक केलाउदा महिलामा हुने क्यान्सर मध्ये स्तन क्यान्सर पहिलो नम्बरमा पर्छ भने पाठेघरको मुखको क्यान्सर दोस्रो नम्बरमा पर्दछ। बेलैमा समस्या पहिचान गरि उपचार गराएमा यी क्यान्सरको निको हुने सम्भावना करिब पर्सेन्ट सम्म रहन्छ । पाठेघरको मुखको क्यान्सर गराउने प्रमुख कारण मध्ये एक HPV (Human Papilloma Virus) को दुइटा स्ट्रेनविरुद्ध नेपाल सरकारले अघिल्लो आ.व. मा क्याम्पेनमार्फत् र यो आ.व. मा नियमित खोपमार्फत् खोप सेवा प्रदान गरिरहेको छ।

क्यान्सर बाहेक (पाठेघर आङ्ग) खस्ने समस्या पनि महिलामा हुने प्रजनन् रुग्नाताको एउटा प्रमुख पाटो हो। कुनै कारणले पाठेघर वरिपरिका मांसपेशी र तन्तुहरू कमजोर हुन गएमा पाठेघर आफ्नो ठाउँ भन्दा तल योनीसम्म वा बाहिर निस्कने अवस्थालाई पाठेघर (आङ्ग) खसेको समस्या भनिन्छ।

यस्तो अवस्थामा पाठेघरमात्र नभई यसको अगाडि पिसाबको थैली र पछाडि दिसाको बाटो पनि तल भर्ने गर्दछ। सुत्केरीपछि पर्याप्त आराम, पोषण र सावधानी नअपनाउँदा तथा कम उमेरमा वा धेरैपटक बच्चा जन्माउँदा पाठेघर खस्ने जोखिम बढ्छ।

नेपाल सरकारले पाठेघर खस्ने समस्याको उपचार (केगल एक्सरसाइज, रिंग प्रेसरी तथा तोकिएको अस्पतालमा निःशुल्क शल्यक्रियाको व्यवस्था गरेको छ। केगल एक्सरसाइज पाठेघर वरिपरिको तन्तु दह्रो बनाउने एक किसिमको एक्सरसाइज हो भने रिंग प्रेसरी शल्यक्रिया गर्न नमिल्ने वा नचाहने महिलामा योनी भित्र रबरको रिंग राखी पाठेघरलाई आफ्नो घरमा राख्ने एउटा प्रक्रिया हो। यो स्थायी उपचार भने हैन. राखिएको रिंग बढीमा ३ महिनामा सफा गर्नुपर्छ। एकपटक राखिएको रिंग आफै निकाली अरु कुनै उपचार विधि नअपनाए यो समस्या झन् बढ्छ।

त्यसैगरी प्रसुव (labor) लामो समयसम्म अवरुद्ध हुँदा बच्चाकों टाउकोले वरपरका तन्तुमा अत्यधिक दबाब पारेर पिसाबथैली र योनिमार्ग वा मलद्वार र योनिमार्ग बीचमा असामान्य जडान (फिस्टुला) बन्दछ जसलाई ओब्स्टेट्रिक फिस्टुला भनिन्छ।

ओब्स्टेट्रिक फिस्टुला भएका महिलामा योनिबाट लगातार पिसाब वा दिसा चुहिने, दुर्गन्ध आउने, घाउ हुने र सामाजिक-मानसिक समस्या देखिन सक्छ। यसको उपचार पनि तोकिएका अस्पतालमा निःशुल्क शल्यक्रियाद्वारा सम्भव छ।

नेपाल सरकारले आ.व. २०८०८१, आ.व. २०८१/८२ र आ.व. २०८२/८३ मा मा २४७५ महिलामा पाठेघर आङ्ग) खस्ने समस्याको स्क्रिनिंग गरेको छ। जसमध्ये ६२७ जनामा रिंग प्रेसरी लगाइएको थियो, ६७ जनाको शल्यक्रिया गरिएको थियो भने ८७ जनालाई रिफल गरिएको थियो. शल्यक्रिया गरिएका मध्ये आ.व. २०८०/८१ मा ११ जना, आ.व. २०८१/८२ मा २६ जना र आ.व. २०८२/८३ मा ३० जनाको संख्या रहेको छ। त्यसैगरी यहि समयमा १०४० जना महिलाहरुमा स्तन क्यान्सरको स्क्रिनिंग गरिएको थियो जसमध्ये १३ जनामा क्यान्सर भएको हुनसक्ने देखिएकाले थप जाचका लागि प्रेषण गरिएको थियो । त्यसैगरी, यही समयमा ३० वर्ष माथिका ५९१४ महिलालाई पाठेघरको मुखको क्यनासरको स्क्रिनिंग गरिएको थियो, जसमध्ये ७० जनालाई थप जाचका लागि प्रेषण गरिएको थियो।

प्रजनन रुणताले महिलाको शारीरिक, मानसिक, सामाजिक तथा आर्थिक जीवनमा गम्भीर असर पार्छ। यस्ता समस्याले लगातार दुखाइ, पिसाब वा दिसा चुहिने, हिँडडुल र दैनिक काम गर्न कठिनाइ हुने जस्ता समस्या ल्याउँछ। यसका कारण महिलामा लाज, तनाव, आत्मविश्वासमा कमी तथा पारिवारिक र सामाजिक सम्बन्धमा समस्या उत्पन्न हुन सक्छ । समयमै उपचार नपाउँदा महिलाको जीवनस्तर र उत्पादनशीलतामा समेत नकारात्मक प्रभाव पर्छ । त्यसैले प्रजनन रुणता समयमै पत्ता लाग्नु र यसको उपचार गराउनु महत्वपूर्ण छ।

पाठेघरको मुखको क्यान्सर समयमै पत्ता लगाउन विशेषगरी तिस वर्षको उमेर पछि हरेक ३-५ वर्षमा स्क्रिनिंग गराउनु पर्दछ । त्यसैगरी स्तन क्यान्सर बेलैमा थाहा पाउन महिनावारी सुरु भएको ५-७ दिनमा महिला स्वयमले स्तनमा केहि असामान्य परिवर्तन भएको छ, गिर्खाहरु आएका छन् कि भनेर आफैले हेर्न सकिन्छ भने स्वास्थ्यकर्मीमार्फत् क्लिनिकल ब्रेस्ट एक्जामिनेसन र आवश्यकता अनुसार अल्ट्रासाउण्ड, म्यामोग्राफी आदि पनि गराउन सकिन्छ. हामी हरेक वर्ष जन्मदिन, एनिभरसरी आदिमा मन्दिर जाने, सफल र लामो जीवनको कामना गर्छौ । तर वर्षमा जन्मदिन वा यस्तै शुभ अवसर बनाएर यस्ता रोगको जाँच गरायौ भने जीवन साचै लामो, स्वस्थ र सफल बन्दछ।

त्यसैले परिवारसंग भेटघाट, रमाइलो संगै परिवारका महिला सदस्यको धेरै स्वास्थ्य जाँच गराउन पनि बिर्सनु हुदैन। महिलाहरू लाज, डर, जानकारीको कमी, समाजको हेर्ने दृष्टिकोण वा आर्थिक समस्याका कारण फिस्टुला र पाठेघर खस्ने समस्याको उपचार लिन हिच्किचाउँछन् । तर यी रोग लुकाएर बस्नुपर्ने होइन, समयमै उपचार गर्नुपर्ने स्वास्थ्य समस्या हुन्। समयमै स्वास्थ्य संस्थामा गई जाँच र उपचार गराउँदा धेरै महिलाहरू पूर्ण रूपमा निको हुन सक्छन् र सामान्य जीवन बिताउन सक्छन्।

स्वास्थ्य खबरबाट

# एडीबीसँग २५ अर्बको ऋण सम्झौता

बुटवल । एसियाली विकास बैंक (एडीबी) का अध्यक्ष मासातो कान्दाको नेपाल भ्रमणको अवसरमा २५ अर्बको ऋण सम्झौता भएको छ। एडीबीसँग नेपालले १६ करोड ५० लाख अमेरिकी डलर (२५ अर्ब रुपैयाँ बराबर) सहुलीयतपूर्ण ऋण लिने सम्झौता भएको हो।

अर्थमन्त्री डा. स्वर्णिम वाग्ले र कान्दाको उपस्थितिमा दुई आयोजनामा लगानी गर्न सो रकम बराबरको सहुलीयतपूर्ण ऋण लिनेबारे सोमबार सम्झौता भएको हो । सम्झौतामा अर्थसचिव डा. घनश्याम उपाध्याय र एडीबीका नेपालस्थित आवासीय नियोगका देशीय निर्देशक आनो कुश्वाले हस्ताक्षर गरे।

नेपालले एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना र दक्षिण एसिया उपक्षेत्रीय आर्थिक सहयोग तथा आपूर्ति व्यवस्थापन सुधार कार्यक्रम (सबप्रोगाम- २) का लागि सो ऋण परिचालन गर्न लागेको हो।

अर्थ मन्त्रालयका सहसचिव तथा प्रवक्ता अमृत लम्सालका अनुसार ढल व्यवस्थापन सम्बन्धी आयोजनामा ११ करोड ५० लाख अमेरिकी डलर र आपूर्ति व्यवस्थापनसँग सम्बन्धित आयोजनामा ५ करोड अमेरिकी डलर ऋण लिइएको छ। स्थानीय तहका खानेपानी र ढल व्यवस्थापनको एकीकृत पूर्वाधार निर्माणमा यो रकम परिचालनको लक्ष्य छ। साथै भन्सार कार्यप्रक्रिया र लजिस्टिक सेवा आधुनिकीकरणमा दोस्रो ऋण सम्झौतावापतको रकम खर्च गरिने छ।

कार्यक्रममा अर्थमन्त्री डा. वाग्लेले नेपालको विकासमा एसियाली विकास बैंकबाट प्राप्त सहायताको उच्च मूल्यांकन गर्दै आगामी दिनमा यो साझेदारी अझ सुदृढ हुने विश्वास व्यक्त गरे।

एसियाली विकास बैंकका अध्यक्ष कान्दाले नेपालसँगको ६ दशक लामो सहकार्यलाई निरन्तर र थप प्रभावकारी रूपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरे। उनले नेपालको विद्यमान वाह्य तथा आन्तरिक चुनौतीहरुको सामना गर्न बैंक सँधै सहयोगी हुने र नेपालका विकास प्राथमिकतासँग बैंकको प्राथमिकता मेल खाने उल्लेख गरे । कार्यक्रममा नेपाल सरकार तथा एसियाली विकास बैंकका वरिष्ठ अधिकारीहरूको उपस्थिति थियो।

एसियाली विकास बैंकको आर्थिक सहयोगमा सरकारले नेपालको भन्सार प्रशासनलाई आधुनिकीकरण, व्यापार प्रवर्द्धन र रोजगारी सिर्जनाको लक्ष्यसहित ५ करोड अमेरिकी डलर बराबर ऋण लिन लागेको हो।

यस आयोजनामार्फत भन्सार प्रणालीलाई प्रविधिमा आधारित बनाउने लक्ष्य राखिएको छ। जोखिममा आधारित जाँचपास र सरलीकृत प्रक्रियामार्फत भन्सारको आधुनिकीकरणमा यो रकम खर्च हुनेछ। स्तरीय पुर्वाधार, नियामकीय ढाँचा र समन्वयमार्फत आपूर्ति व्यवस्थापनको क्षेत्रलाई मजबुत बनाउने समेत एडीबीले जनाएको छ। यस्तो सुधारले व्यापार लागत घटाउने, सीमापार व्यापार अनुमानयोग्य बनाउने र आपूर्ति श्रृंखलाको क्षमता बढाउने छ। वस्तु ओसारपसार कुशलतापूर्वक हुने र क्षेत्रीय मूल्य श्रृंखलामा सहयोग गर्ने समेत यो आयोजनाको लक्ष्य रहेको छ।

अर्कोतर्फ, खानेपानी तथा ढल व्यवस्थापनसँग सम्बन्धित आयोजना भने साना र मझौला शहरहरूको खानेपानी पूर्वाधारमा केन्द्रित छ। यो आयोजनाबाट १३ जिल्लाका ८ लाख ५० हजार जनसंख्या लाभान्वित हुने एडीबीको अनुमान छ।

# बागलुङको तरकारी पोखरामा बिक्री



गलकोट । ढोडेनीका किसान त्रिलोचन सापकोटाले उत्पादन गरेका खुर्सानी र तरकारी पोखरामा बिक्री गर्दै आएका छन्।

सापकोटाले उत्पादन गरेको पिरो खुर्सानीको माग पोखाराबाट भएको छ। उनले १५ रोपनी क्षेत्रफलमा व्यवसायिक तरकारी र फलफूलखेती खेती पनि गरेका छन्।

पाँच वटा हाइटेक टनेलसहित खुला जग्गामा काँक्रो, भेन्टा, धनिया, सिमी, बोडीलगायत तरकारी बिक्रीबाट सापकोटाले वार्षिक रु १८ लाख आम्दानी गर्दै आएका छन्।

"पहिलो पटक आफ्नो कृषि उत्पादन पोखरा पुगेको छ, पाँच रोपनी जग्गामा मात्रै खुर्सानीखेती लगाएको छु, यस सिजनमै खुर्सानीबाट दुई लाख ५० हजार देखि तीन लाखसम्म आम्दानी हुने देखियो।"-सापकोटाले भने।

"खुर्सानीको उत्पादन धेरै भएपछि बागलुङ बजारमा खपत नभएकाले पोखराको बजारमा खुर्सानी पठाउन थालेको छु, अहिले काँक्रो, केरा, धनिया र भेण्टाको उत्पादन बढेका । दैलोमै कालोपत्र सडक आएपछि ढुवानीको समेत समस्या छैन।"-सापकोटाले भने।

पोखरामा ५००, बागलुङमा ४०० केजी खुर्सानी बिक्री भइसकेको छ। तीन महिना लगातार खुर्सानीको उत्पादन भइरहेको उनले बताए।

हाइटेक टनेल, थोपा सिँचाइ र मल्चिङ प्रविधिमार्फत् नमूना कृषि फर्म सञ्चालन गर्दै आएका सापकोटाले पाखो जग्गामा थप केराखेती सुरु गरेका छन्।

कालीगण्डकी पशुपालन तथा कृषि फर्ममार्फत् ३४ वर्षदेखि बाबुको पदचाप पछ्याउँदै तरकारीखेतीमा लागि परेका सापकोटाले गाईभैंसी पालनमार्फत् दैनिक ३० लिटर दूध बिक्री गर्दै आएका छन्।

दुई जनालाई रोजगारी दिएका उनले तरकारी खेतीबाटै दुई छोरालाई उच्च शिक्षा अध्ययनका लागि अमेरिका र अष्ट्रेलिया पठाएका छन्।

कृषिमा भित्रिएको प्रविधिका कारण मौसमी र बेमौसमी तरकारी, काँक्रो, टमाटर, माछा, केरा र दूध बिक्रीबाट वार्षिक रु १८ लाखसम्म आम्दानी भइरहेको छ", उनले भने-"यही कमाइबाट छोरालाई उच्च शिक्षासम्म अध्ययनका लागि अमेरिका र अष्ट्रेलिया पठाएको छु, पढाइ सकेर स्वदेशमै आउन सल्लाहसमेत दिएको छु, आम्दानीबाट मल, बिउ, कर्मचारी र अन्य खर्च कटाएर १२ लाख त बचतै हुने गरेको छ।"

# बाँकेमा तीन चक्ला वन, काठ उत्पादन बढ्दै



नेपालगञ्ज । बाँकेमा चक्ला वनको संख्या तीन पुगेको छ। दिगो वन संरक्षण र व्यवस्थापनका लागि यस वर्ष राप्तीसोनारी-३ र ४ मा भुवरभवानी तथा वडा नं १ मा खर्चेताल चक्ला वन निर्माण गरेसँगै चक्ला वनको संख्या तीन पुगेको हो।

डिभिजन वन कार्यालयका प्रमुख सिनियर डिभिजनल वन अधिकृत शङ्करप्रसाद गुप्ताले जिल्लामा चालु आर्थिक वर्ष २०८२/८३ मा दुई चक्ला वन थप गरिएको जानकारी दिए। डिभिजन वन कार्यालयका अनुसार राप्तीसोनारी गाउँपालिकाको माथेवास-शम्शेरगञ्ज क्षेत्रमा यसअघि एक मात्र चक्ला वन रहेकामा चालु आर्थिक वर्षमा थप दुई चक्ला वन निर्माण गरिएको छ।

सिनियर डिभिजनल वन अधिकृत गुप्ताका अनुसार माथेवास-शम्शेरगञ्ज चक्ला वन क्षेत्रफलका हिसाबले नेपालकै सबैभन्दा ठूलो चक्ला वन हो। ३१ वटा सामुदायिक वनलाई समेटेर दुई हजार ५७८ हेक्टरमा फैलिएको यस वनमा दिगो तथा व्यावसायिक वन व्यवस्थापन अभ्यास हुँदै आएको छ।

दिगो वन व्यवस्थापनबाट अहिलेसम्म करिब सात लाख क्युफिट काठको उत्पादन भएको जानकारी दिँदै वन अधिकृत गुप्ताले अर्को आर्थिक वर्षमा करिब नौदेखि १० लाख क्युफिट काठ उत्पादन गर्ने लक्ष्य राखिएको बताए।

"वनको हैसियतमा पनि सुधार भएको छ, सालको वनमा सिसौ लगाएर वन व्यवस्थापन गरिएको छ।"-उनले भने।

वन व्यवस्थापनबाट सामुदायिक वनका उपभोक्ताले सर्वसुलभ रुपमा काठ प्राप्त गरेको र आम्दानीको स्रोतमा समेत वृद्धि हुँदै गएको वन कार्यालयको भनाइ छ। डिभिजन वन कार्यालयका अनुसार यसअघि सालका पुराना रूख मक्काएर खेर जाने अवस्था रहेको र चक्ला वन व्यवस्थापनमार्फत नयाँ रूख हुर्कन उपयुक्त वातावरण तयार गरिएको छ। उमेर पुगेका रूखलाई निश्चित मापदण्डअनुसार कटान गर्ने र नयाँ रूख हुर्काउने वैज्ञानिक विधि अपनाइएको वन अधिकृत गुप्ताले उल्लेख गरे।

तीन चक्ला वन र ५८ सामुदायिक वन गरी करिब २० हजार हेक्टर क्षेत्रफलमा चक्ला वन तथा सामुदायिक वन संवर्द्धन प्रणालीअन्तर्गत दिगो वन व्यवस्थापन लागू गरिएको डिभिजन वन कार्यालयका योजना शाखा प्रमुख तथा सहायक वन अधिकृत सुशील सुवेदीले बताए।

उनका अनुसार तीनवटै चक्ला वन र ५८ सामुदायिक वन गरी १९ हजार ६५३ हेक्टर क्षेत्रमा दिगो वन व्यवस्थापन लागू गरिएको छ। चक्ला वनको विकास र विस्तारले वन संरक्षण, राजस्व सङ्कलन तथा स्थानीय रोजगारी सिर्जनामा सहयोग पुगेको विश्वास गरिएको छ।

# घाँसको बिउ उत्पादन

राँझा । बाँकेको खजुरा गाउँपालिका-२ गौघाटस्थित राष्ट्रिय पशु प्रजनन् कार्यालयले ३० हजार ६ सय ३० किलो घाँसको बिउ उत्पादन गरेको छ। चालु आर्थिक वर्ष ०८२/८३ मा विभिन्न प्रजातिका घाँसको ३० हजार ६ सय ३० किलो घाँसको बिउ उत्पादन गरिएको राष्ट्रिय पशु प्रजनन् कार्यालयका प्रमुख वरिष्ठ पशु विकास अधिकृत डा.खिमानन्द खनालले जानकारी दिए।

उनका अनुसार राष्ट्रिय पशु प्रजनन् कार्यालयबाट उत्पादन भएको घाँसको बिउ १९ हजार २ सय २६ किलो किसानलाई बिक्रीवितरण गरिएको छ। कार्यालयमा एक हजार ७ सय ९० किलो खपत भई ११ हजार ४ सय ३ केजी घाँसको बिउ बाँकी रहेको छ।

कार्यालयले बर्सिम, जै, भेच, टियोसेन्टी, ज्वाइन्ट भेच स्टाइलो कुक्स, नेपियर लगायतको घाँस र बडहर, टाँकी, कोइरालो, इपिलइपिल, किम्बु मेन्डोलालगायतको डालेघाँसको बिउ तथा बिरुवा उत्पादन गरी बिक्री वितरण गर्ने गरेको छ।

चालु आर्थिक वर्षमा घाँसको बिउ तथा हरियो घाँस बिक्री गरेर रु. २० लाख ४७ हजार ७०४ आम्दानी गरेको छ। कार्यालयले विभिन्न जातका घाँसका बिउ तथा बिरुवा उत्पादन गर्नुका साथै पशु नश्ल सुधारअन्तर्गत कृत्रिम गर्भाधानका लागि राँगो, साँढे तथा बोकाको जमेको वीर्य उत्पादन तथा वितरण हुँदै आएको वरिष्ठ पशु विकास अधिकृत डा. खनालले जानकारी दिए।

खजुरा-२ गौघाटमा करिव ३४ दशमलव ४ हेक्टर क्षेत्रफलमा फैलिएको राष्ट्रिय पशु प्रजनन् कार्यालयले व्यावसायिक रुपमा घाँसको बिउ खेती गरी किसानलाई बिक्री वितरण गर्दै आएको कार्यालयका पशु सेवा प्राविधिक देवनारायण जैसीले बताए।

अहिले घाँसको बीउ छर्ने र बिरुवा रोप्ने काम भईरहेको छ। वर्षाद् नभएका कारण यो वर्ष घाँसको बिउ छर्न र बिरुवा रोप्न केही ढिलाइ भएको जैसीले जानकारी दिए। राष्ट्रिय पशु प्रजनन् कार्यालय २०३६ सालमा भैंसी फाराम (बुल सेन्टर) का रूपमा स्थापना भएपश्चात् विभिन्न चरण हुँदै ४७औं वर्ष प्रवेश गरेको छ।

यो कार्यालयले सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश र लुम्बिनी प्रदेशका बाँके, बर्दिया, दाङ, प्यूठान, रोल्पा र पूर्वी रुकुम गरी २५ जिल्लामा सेवा प्रवाह गरिरहेको छ। कार्यालयबाट विभिन्न जातका घाँसका बिउ तथा बिरुवा उत्पादन गर्नुका साथै पशु नश्ल सुधार अन्तर्गत कृत्रिम गर्भाधानका लागि राँगो, साँढे तथा बोकाको जमेको वीर्य उत्पादन तथा वितरण गर्दै आएको जैसीले बताए।

# झोलुङ्गे पुल पर्यटकीय गन्तव्य बन्दै

दाङ । स्थानीय तुलसीपुर उपमहानगरपालिका-११ र दङ्गीशरण गाउँपालिका-२ सरुवाडाँडा जोड्ने झोलुङ्गे पुलले वरपरका जिल्लाका नागरिकलाई समेत अवलोकन गर्ने महत्वपूर्ण पर्यटक गन्तव्यका रुपमा परिचय बनाएको छ।

चारैतिर हरियाली नजिकै चिटिक्क परेको गाउँबिचमा कलकल बगेको बबई नदीमाथिको झोलुङ्गे पुलमा त्यस वरपरको मनमोहक दृश्याअवलोकन गर्नेको भीड नै लाग्न थालेको छ। त्यस क्षेत्रको अवलोकन गर्न टाढादेखि आउनेले सूर्य अस्ताउँदै गर्दा बबई नदीमा देखिने छायाँ र पुलको आकर्षणले टिकटक बनाउने र फोटो खिच्नेहरु राम्रा दृश्य मोबाइल र क्यामेरामा कैद गर्न तँछाडमछाड गरेको देखिन्छ।

उक्त पुल गत वर्षको गर्मीयामदेखि थप चर्चामा आएको हो। वरपरका सल्यान र रुकुम जिल्लाका नागरिक समेत ठूलो संख्यामा दृश्यालोकनका लागि आउने गरेको पाइन्छ।

त्यस क्षेत्रको अवलोकनमा रहेकी सल्यानकी शारदा केसी भन्छिन्-"सामाजिक सञ्जालमा यहाँको तस्विर र भिडियो देखियो, दृष्य निकै राम्रो लाग्यो। वास्तवमा हेर्न आउन पर्ने खालकै रहेछ।" उनले बबई नदीमाथि वरपरको आकर्षक दृष्य देखिने पुललाई थप पर्यटकीय क्षेत्रका रुपमा विकास र विस्तार गर्नुपर्ने आवश्यकतामा जोड दिइन्।

विसं २०७९ मा उक्त झोलुङ्गे पुल निर्माण भए पनि गत वर्षको गर्मीको समयमा पुल चर्चामा आएको पत्रकार लक्ष्मण बस्नेत बताउँछन्। उनका अनुसार गत बैशाख र जेठ महिनाको गर्मी छल्न दैनिक एक हजारभन्दा बढी मानिस पुल अवलोकन र शीतलता प्राप्त गर्न पुगेका थिए।

हाल बर्सात सुरु भइसक्दासमेत दैनिक पाँचदेखि छ सयसम्म पुल हेर्न आउन गरेका छन्। रु तीन करोड लागतमा निर्माण भएको उक्त पुलको लम्बाइ ४०० मिटर रहेको छ। पुल निर्माण भएपछि स्थानीयलाई आवतजावतमा सहज भएको करविर चौधरीले बताउँछन्। उनका अनुसार दिउँसो वरपरको हरियाली र शीतलता प्राप्त हुने उक्त पुलबाट बिहान र बेलुका देखिने सुन्दर दृश्यले आगन्तु पाहुनालाई टिकटक र तस्विर खिच्ने वातावरण बनाइदिन्छ।

स्थानीय सरकारले तुलसीपुर बजारदेखि करिब १२ किमी दक्षिण पश्चिममा पर्ने पुलको वरपरको क्षेत्रलाई थप व्यवस्थित तुल्याउन तथा उद्योगी व्यापारी समुदायले पर्यटकलाई सुविधा प्रदान गर्ने पूर्वाधारलगायतका संरचना विकास र विस्तार गर्न स्थानीयको सुझाव छ।

# बालबालिकालाई दण्ड होइन, सुधार, शिक्षा, सीप र सकारात्मक व्यवहार आवश्यक

बाँके । कानुनी विवादमा परेका बालबालिकालाई दण्ड होइन, सुधार, शिक्षा, सीप र सकारात्मक व्यवहारमार्फत् समाजमा पुनःस्थापित गर्न आग्रह गरिएको छ।

जयेन्दु बालसुधार गृह, बाँकेको व्यवस्थापन सुधारोन्मुख देखिएको, तर बालन्यायको मर्मअनुरुप सञ्चालनमा नआएको बताइन्छ।

नेपाल बालकल्याण संस्थाका अध्यक्ष वरिष्ठ अधिवक्ता धर्मबहादुर खड्का, उपाध्यक्ष दिलीप मल्लिक, पूर्वअध्यक्ष तथा एडभोकेसी फोरम नेपालका उपाध्यक्ष वरिष्ठ अधिवक्ता शिवकुमार गौडेल, पत्रकार माधव ढुङ्गाना र दीपक श्रेष्ठसहितको टोलीमा एडभोकेसी फोरम नेपाल, लुम्बिनी प्रदेशका वरिष्ठ प्रदेश संयोजक अधिवक्ता वसन्त गौतमले छलफल गरी उक्त निष्कर्ष निकालिएको हो।

नेपालगञ्ज उच्च अदालतको परमादेश अनुरुप विद्यालय सञ्चालन नभएको, पर्याप्त सीपमूलक तथा आयमूलक कार्यक्रमको अभाव, पुस्तकालयको सीमितता, खेलकुद सामग्रीको कमि तथा सरकारले उपलब्ध गराउँदै आएको प्रतिदिन ७५० ग्राम चामल र प्रतिव्यक्ति ८० रुपैयाँ खर्च बालकहरूको उमेर र पोषण आवश्यकता अनुसार पर्याप्त नभएको उनीहरुले जानकारी दिएका छन्।

विसं २०८३ असार २१ गतेसम्म सुधार गृहमा स्वदेशी र विदेशी गरी १८२ जना कानुनी विवादमा परेका बालक रहेका छन्। सुधार गृहका अनुसार स्वदेशीतर्फ फैसला नभएका (थुनुवा) ८८ जना र फैसला भइसकेका ९२ जना छन्। विदेशीतर्फ फैसला नभएका एक जना र फैसला भइसकेका एक जना गरी दुई जना छन्।

**सरकारको...**

होइन भने भन्नुपऱ्यो। यदि हो भने किन अत्याचार गरिन्छ शक्तिहीन नागरिकमाथि ? के यो लोककल्याणकारी राज्यको चरित्र अनुकूल छ ?" प्रश्नको वर्षा गरे। मानव मर्यादालाई ख्याल गर्दै सुकुम्वासी समस्या समाधान गर्न आग्रह गरे। मध्य बर्खाको समयमा पनि किसानले मल नपाएकामा उनले त्यसको व्यवस्थाको माग राखे। त्यस्तै, उनले जेजनी आन्दोलनको प्रतिवेदन सार्वजनिक गर्न र कार्यान्वयनको माग पनि राखे।

**'संविधान संशोधनबारे अपरिपक्व काम'**

संविधान संशोधनबारे कांग्रेसले आफ्नो धारणा प्रस्तुत गरेको छ। संविधान संशोधनका नाममा आधारभूत मर्म, लोकतान्त्रिक मूल्य र संघीय व्यवस्थामाथि अनावश्यक छेडखानी स्वीकार्य नहुने चेतावनी समेत दिएको छ।

"जसरी संविधान संशोधनलाई हल्का रूपमा लिएर सरकारले संवैधानिक कानुनका ज्ञाता नभएको, संविधान निर्माता नभएको व्यक्तिलाई संयोजक बनाएर बहसपत्र तयार गराइँदैछ- एकदमै अपरिपक्व काम भइरहेको छ," आङ्देम्बेले भने- "यसमा कांग्रेसको रिजर्भेसन सुरुदेखि नै छ। हामीले भन्दै आएका छौं, सर्वोच्च अदालतका पूर्वन्यायाधीशको नेतृत्वमा संविधान संशोधन सुझाव आयोग गठन गर्नुपर्छ।"

प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाहको नेतृत्वमा संविधान संशोधन बहसपत्र तयार गर्न सुझावको काम भइरहेको छ।

सत्तारूढ दल संघीयता मास्नेतिर उद्धत भएको आरोप कांग्रेसको छ। चितवन महाधिवेशनबाट प्रदेशसभा खारेजीको कुरा पारित गरेकोमा कांग्रेसले आपत्ति जनाएको हो।

चुनावी भाषणमा जनकपुर र झापा पुगेर वर्तमान प्रधानमन्त्रीले संघीयता बलियो बनाउने कुरा गरेको र पहिलो महाधिवेशनबाट खारेजीको कुरा गरेकोमा आङ्देम्बेले कटाक्ष पनि गरे। "प्रधानमन्त्रीजी बालेन कि उहाँकै दल रास्वपाका सभापति रवि लामिछानेको भनाइ पत्याउने ? म सोध्न चाहन्छु। लोकप्रिय गायिका कुन्ती मोक्तानको गीतमा 'गोठाला जाँदा लाएको माया खेताला जाँदा भुलेछ' भने जस्तै जनकपुरमा बोलेको कुरा चितवन पुग्दा भुलेछ। यो राम्रो होइन।"-आङ्देम्बे भन्छन्।

'विदेशबाट फर्काउने भनिएको कम्तीमा १०० युवा कुन विमानबाट आए ? राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले कम्तीमा विदेशमा रहेका १०० जना युवालाई स्वदेश फर्काउने भनेर विगतमा दिएको अभिव्यक्ति नेपाली कांग्रेसका संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले स्मरण गरेका छन्।

'विदेशबाट फर्काउने भनिएको कम्तीमा १०० युवा कुन विमानबाट आए ? कि ति युवालाई फर्काउने जहाज रनवेबाट उड्नै सकेन ? यसको जवाफ म सरकारसँग माग्न चाहन्छु।'- उनले सोमबार प्रतिनिधिसभाको बैठकमा बोल्दै उनले भने।

चुनावी वाचा केवल वाचामा सीमित राख्न नहुने उनको आग्रह छ।

सरकारले चुनावमा के कस्ता वाचा गरेको छ भनेर जनताले नियालीरहेको भन्दै उनले प्रश्न गरेका हुन्।

**सुमार्गीको...**

करिब सात वर्षपछि सर्वोच्च अदालतले स्याटेलाइट टेलिकमको रिट नै खारेज गरिदियो।

मंसिर, २०८१ मा न्यायाधीशहरु शारंगा सुवेदी र टेकप्रसाद ढुंगानाको इजलासले उनको खातामा रहेको रकम नेपाली खातामा रकमान्तर भइसकेकाले रिट निवेदन खारेज गरेको थियो। नेपाल स्याटेलाइटले आफूले ल्याएको रकममाथि अनुसन्धान नगर्न समेत माग गरेको थियो, जसलाई सर्वोच्च अदालतले अस्वीकार गरेको थियो। त्यसको एक वर्षपछि सुमार्गी संलग्न मुक्तिश्री सिमेन्टले ल्याएको वैदेशिक लगानी पनि त्यसैगरी रोकिएको थियो। त्यतिबेला पनि मुक्तिश्री सिमेन्टले सर्वोच्च अदालतमा रिट निवेदन दिएको थियो। जेठ, २०७६ मा सर्वोच्च अदालतले उक्त लगानीमाथि छ महिनाभित्र अनुसन्धान टुंग्याउनु भनी आदेश दिएको थियो।

तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशम्सेर जबरा र न्यायाधीश बमकुमार श्रेष्ठको इजलासले सुमार्गीको कम्पनीले भित्र्याउन लागेको रकम गैरकानुनी हो कि होइन भनी छ महिनाभित्र निक्यौल गर्न आदेश दिएको थियो।

साथै सर्वोच्च अदालतले कानूनसम्मत भए रकम फुकुवा गर्न र सम्पत्तिको स्रोतमा कैफियत देखिए कानुन बमोजिम कारवाही गर्न भनेको थियो।

अन्तरिम आदेशपछि अब सुमार्गीको सम्पत्ति अनुसन्धान गरिरहेको सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले कुनै अनुसन्धान अघि बढाउन पाउने छैन। तर अन्तरिम आदेश खारेजीको माग गरी विभागले सर्वोच्च अदालतमा नै निवेदन दिन भने पाँउछ।

**पाल्हीनन्दनका ...**

तर, पछि छानबिनका क्रममा घटना विवरण नै बनावटी भएको र गाउँपालिका अध्यक्ष गुप्ताको योजनामा फसाइएको खुलेको थियो। त्यसपछि मात्र गाउँपालिका अध्यक्ष गुप्ता, उनका सहयोगी धोबी र विवेक पाण्डेविरुद्ध पनि लागुऔषध मुद्दामा सजायको मागदाबी लिई मुद्दा चलाइएको थियो। गुप्ता र पासवान निर्दोष रहेको खुले पनि बरामदी मुचुल्का सच्याउन नमिलेपछि उनीहरूविरुद्धसमेत मुद्दा दायर भएको थियो।

पश्चिम नवलपरासीका तत्कालीन एसपी ऋषिराम कँडेलले खटाएका सादा पोसाकका प्रहरीले सो समूहसँग मिलेर उनीहरूलाई योजनाबद्ध रूपमा फसाएका थिए। नेपालमै कबाडीको व्यापार गर्दै आएका रामा गुप्ताको विगतमा पाल्हिनन्दन गाउँपालिकाका अध्यक्ष गुप्तासँग व्यावसायिक साझेदारी थियो। दुवैले मिलेर एक मोटरसाइकल कम्पनीको कबाडी सामानको ठुलो ठेक्का हात पारेका थिए। त्यो ठेक्काको २० प्रतिशत आम्दानी रामालाई दिने सहमति भएको थियो। जुन करिब डेढ करोड रुपैयाँ हुन्थ्यो। तर, गुप्ताले राजनीतिक शक्तिका आधारमा त्यो पैसा नदिएपछि उनीहरूबिच सम्बन्ध बिग्रिएको थियो।

रामाले उनलाई सामान बेच्न छाडेका थिए। त्यसपछि उनले मुद्दामा फसाइदिने धम्की दिँदै आएका थिए। जसअनुसार योजनाबद्ध रूपमा भेट्न बोलाई उनीहरूको छेउमा लागुऔषध फालेर प्रहरी बोलाई पक्राउ गराइएको थियो।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्क:
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



**तीनमुखे झोलुंगे पुलसँगै उर्लिएको कालीगण्डकी:**

देशकै पहिलो तीनमुखे झोलुङ्गे पुलले स्याङ्जाको कालीगण्डकी -१ कारिकोट चण्डिभञ्ज्याङ, पाल्पाको तानसेन नगरपालिका -१४ अर्गली र गुल्मीको रूरूक्षेत्र गाउँपालिका -१ रिडी जोडेको छ। पुल नहुँदा त्यस क्षेत्रका स्थानीयहरु विभिन्न समयमा रिडीमा लाग्ने ठूलो मेलामा वारिपारि गर्न जोखिम मोलेर खोला वारिपारि गर्ने गर्दथे। यस पुलले जिल्लाको धार्मिक विषयबस्तुहरुको समेत प्रचार प्रसार भएकोले स्थानीय खुसी देखिन्छन्। पुल बनेसँगै गुल्मी, पाल्पा र स्याङ्जाका स्थानीयहरू सहजताका साथ एकै ठाउँमा जोडिएका छन्। तस्विरः डीबी टण्डन(विजय)

# लेखक साहनीका तीन पुस्तकको संगौलाद्वारा विमोचन




बुटवल। लेखक साहित्यकार दील साहनीको तीन कृतिको बुटवलमा विमोचन गरिएको छ। वरिष्ठ लेखक तथा साहित्यकार खगेन्द्र संग्रौलाले साहनीका कथा सग्रह 'मुलतबी' निबन्ध संग्रह 'अध्ययन, अनुभव र अनुभूति' तथा उपन्यास 'रूपान्तरण' को संयुक्त रूपमा विमोचन गरेका हुन्। पाठक मञ्च बुटवलद्धारा आयोजित विमोन कार्यक्रममा बोल्दै लेखक संग्रौलाले साहित्य समाजलाई चेतना, विचार र परिवर्तनको दिशामा अग्रसर गराउने महत्वपूर्ण माध्यम भएको बताए। प्रगतिशील साहित्यले समाजमा सचेत नागरिक उत्पादन गर्न योगदान पुऱ्याउने भएकाले यसको भूमिका अझ महत्वपूर्ण रहेको उनको भनाइ छ।

उनले वर्तमान राजनीतिक अवस्थाप्रति टिप्पणी गर्दै कम्युनिस्ट पार्टीहरू धार्मिक संस्थाजस्ता देखिन थालेको उल्लेख गरे। सिमान्तकृत समुदाय र सुकुम्वासी बस्तीमाथि डोजर चल्दा समेत कम्युनिस्ट पार्टीहरू मौन बस्नु विडम्बनापूर्ण भएको उल्लेख गर्दै लेखक संग्रौलाले सामाजिक न्याय, समानता र जनपक्षीय मुद्दामा राजनीतिक दलहरू थप जिम्मेवार बन्नुपर्ने धारणा राखे।

लेखक दिल साहनीले तीनवटै पुस्तकमा आफूले देखेका, भोगेका र अनुभूत गरेका यथार्थ घटनालाई समेट्ने प्रयास गरेको बताए। नेपालदेखि भारतको आसाम हुँदै बर्मासम्मका सामाजिक परिवेश, संघर्ष, मानवीय सम्बन्ध तथा जीवनका विविध आयामलाई साहित्यिक शैलीमा प्रस्तुत गरिएको उनले बताए।

कार्यक्रममा लेखक रामचन्द्र श्रेष्ठ, सुमिना, लक्ष्मी सुनार, यज्ञप्रसाद न्यौपाने तथा रुद्र ज्ञवालीले विमोचित कृतिमाथि टिप्पणी गरेका थिए। साहनीका सिर्जनाले समाजका यथार्थ पक्षलाई कलात्मक ढंगले प्रस्तुत गरेको उनीहरुको धारणा रहेको थियो। समकालीन नेपाली साहित्यमा यस्ता कृतिले महत्वपूर्ण योगदान पुऱ्याउने उनीहरुले विश्वास व्यक्त गरेका छन्। चोटिलो लेखमार्फत् स्थापित साहनीका यी तीन कृतिहरुहरुको विशेषता भने फरक फरक रहेको छ। अध्येता तथा लेखक शंकर भण्डारीको सञ्चालन, साहित्यकार सरिता श्रीसको स्वागत तथा अधिवक्ता ज्ञानु केसीको धन्यवाद ज्ञापनमा कार्यक्रम भएको थियो। विमोचन कार्यक्रममा लुम्बिनी इन्टिग्रेटेड एकेडेमि र ज्ञानपुञ्ज बोर्डिङ स्कूलले सहकार्य गरेका थिए।

कार्यक्रममा साहित्यकार, लेखक, पाठक तथा विभिन्न क्षेत्रका व्यक्तिहरुको उल्लेख्य उपस्थिति रहेको थियो। पाठक मञ्च बुटवलले स्वतन्त्र रुपमा पठक संस्कृतीको विकासका लागि साहित्यिक गतिविधि गर्ने गरेको मञ्चका सदस्य माधव गौतमले जानकारी दिए।

# रूपन्देही उद्योग संघको वस्तुगत समितिद्वारा प्रशिक्षण




बुटवल। रूपन्देही उद्योग संघले वस्तुगत समितिका पदाधिकारी तथा सदस्यहरूको क्षमता विकास, नेतृत्व अभिवृद्धि र संस्थालाई अझ प्रभावकारी बनाउने उद्देश्यले वस्तुगत समिति प्रशिक्षण कार्यक्रम पाल्पामा सम्पन्न गरेको छ। रूपन्देही उद्योग संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीले कार्यक्रमको अध्यक्षता गर्दै वस्तुगत समितिहरू संघको महत्वपूर्ण आधार भएको बताउँदै समितिका पदाधिकारी र सदस्यहरू सक्षम, सक्रिय र जिम्मेवार भएमा संघ अझ प्रभावकारी बन्ने उल्लेख गर्दै प्रशिक्षणबाट प्राप्त ज्ञान र अनुभवलाई व्यवहारमा लागू गरी उद्योगी-व्यवसायीको हितमा अझ सक्रिय भएर काम गर्न सबैलाई आग्रह गरे।

कार्यक्रममा स्वागत गर्नुहुँदै संघका वरिष्ठ उपाध्यक्ष जीवकान्त काफ्लेले वस्तुगत समितिहरूलाई आफ्नो पदीय जिम्मेवारीमा गरिमा बढाइदिन आग्रह गरे। यस्तो कार्यक्रमले अनुभव आदानप्रदान, नेतृत्व विकास र संस्थागत कामलाई थप व्यवस्थित बनाउन सहयोग पुग्ने विश्वाससमेत उनले व्यक्त गरे।

प्रशिक्षणका क्रममा प्रशिक्षण दिँदै पूर्व अध्यक्ष महेन्द्रनारायण श्रेष्ठले रूपन्देही उद्योग संघको स्थापना, उद्देश्य, इतिहास र सघंले अहिलेसम्म तय गरेको यात्राबारे जानकारी गराए। उद्योगी-व्यवसायीको हकहितका लागि स्थापना भएको सघंले विभिन्न चुनौती पार गर्दै निजी क्षेत्रको बलियो संस्थाका रूपमा आफ्नो पहिचान बनाउन सफल भएको उनले बताए।

प्रशिक्षणकै क्रममा पूर्व अध्यक्ष एजाज आलमले वस्तुगत समिति गठनको उद्देश्य, समितिको भूमिका तथा संघले सामाजिक क्षेत्रमा गरेको योगदानबारे प्रकाश पारे। वस्तुगत समितिले सदस्यका समस्या र आवश्यकतालाई सघंसम्म पुयाउन आग्रह गर्दै उनले सामाजिक उत्तरदायित्वका क्षेत्रमा पनि सघंले निरन्तर काम गर्दै आएको बताए।

पूर्व अध्यक्ष एवं अध्यक्ष परिषद्का संयोजक तेजकुमार पाठकले रूपन्देही उद्योग संघले आयोजना गर्दै आएको राष्ट्रिय औद्योगिक प्रदर्शनीको इतिहास, उद्देश्य र आफ्ना अनुभवहरू सुनाउनुका साथै प्रदर्शनीले स्थानीय उद्योग, उत्पादन र उद्यमशीलताको विकास तथा बजार विस्तारमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको बताए।

प्रशिक्षणका क्रममा पूर्व अध्यक्ष दिनेशराज रेग्मीले वस्तुगत समितिलाई नेतृत्व विकास गर्ने राम्रो अवसर भएको जनाए। समितिमा सक्रिय भएर काम गर्दा अनुभव, आत्मविश्वास र नेतृत्व क्षमता बढ्ने भएकाले सबैलाई निरन्तर क्रियाशील रहन उनले आग्रह गरे।

त्यसैगरी प्रशिक्षणकै क्रममा पूर्व अध्यक्ष एवं सल्लाहकार समिति संयोजक माधवप्रसाद पौडेलले बदलिँदो समयसँगै वस्तुगत समितिहरूले नयाँ सोंच र कार्यशैली अपनाउनुपर्ने बताए। आफ्ना अनुभव साझा गर्दै उनले संस्थाको विकासका लागि सबै मिलेर जिम्मेवारीका साथ काम गर्नुपर्नेमा जोड दिए।

कार्यक्रममा खुला छलफल सत्रसमेत सञ्चालन गरिएको थियो। सहभागीहरूले आफ्ना जिज्ञासा, सुझाव र अनुभव राख्दै वस्तुगत समितिको भूमिका, नेतृत्व विकास र संस्थागत सुधारका विषयमा खुला रूपमा विचार आदानप्रदान गरेका थिए।

संघका महासचिव सुमन बस्यालले सञ्चालन गरेको कार्यक्रममा संघका पूर्व अध्यक्षज्यूहरू, संघका पदाधिकारी, वस्तुगत समिति संयोजक, सहसंयोजक, सचिव तथा सदस्य,संघका प्रमुख कार्यकारी अधिकृत यादव प्रसाद भण्डारी,कार्यक्रम अधिकृत प्रदिप पन्थीसहित ६२ जनाको सहभागिता रहेको थियो।

कार्यक्रमको समापन गर्दै रूपन्देही उद्योगसंघका प्रथम उपाध्यक्ष तथा कार्यक्रम संयोजक हरिबहादुर खत्रीले प्रशिक्षण सफल बनाउन सहयोग गर्ने पूर्व अध्यक्षज्यूहरू, सहभागी तथा सम्पूर्ण टोलीलाई धन्यवाद व्यक्त गरेका थिए। उनले प्रशिक्षणबाट प्राप्त ज्ञानलाई व्यवहारमा लागू गर्दै वस्तुगत समितिलाई अझ सक्रिय र प्रभावकारी बनाउन सबैले आ-आफ्नो ठाउँबाट जिम्मेवारी पूर्वक काम गर्नुपर्ने बताए।

संघको बलियो खम्बाको रूपमा रहेका वस्तुगत समितिहरूलाई सक्रिय बनाउने एक अकोबिचको सम्बन्ध र व्यवसायिक गतिविधि विस्तार गर्ने उद्देश्यका साथ प्रशिक्षण कार्यक्रमको आयोजना गरिएको संघले जनाएको छ

# विद्यालय व्यवस्थापन समितिमा दलका सदस्यलाई रोक




बुटवल। सरकारले राजनीतिक दलको सदस्यता लिएका व्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन रोक लगाइएको छ।

गत बिहीबार स्वीकृत शिक्षा नियमावली १०औँ संशोधनमा राजनीतिक दलको सदस्यता भएको व्यक्तिलाई समितिको अध्यक्ष र सदस्य हुन नपाउने प्रावधान राखिएको छ।

'विद्यालय व्यवस्थापन समिति गठन हुनुभन्दा कम्तीमा पाँच वर्ष अगाडिदेखि कुनै राजनीतिक दलको सदस्यता नलिएको।'- संशोधित नियमावलीमा भनिएको छ।

भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, तोडफोड तथा आगजनी, लागुऔषध बिक्री-वितरण तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण, अवैध रूपमा वन्यजन्तु ओसारपसार, सङ्गठित अपराध, राहदानी दुरुपयोग, जातीय भेदभाव तथा छुवाछुत, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट सजाय पाएको व्यक्ति पनि समितिको अध्यक्ष र सदस्य हुन पाउँदैन।

विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिएकोले पनि विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन नपाउने प्रावधान नियमावलीमा राखिएको छ।

संस्थागत विद्यालय वा अन्य शैक्षिक संस्था वा शैक्षिक परामर्श सेवा प्रदायक संस्थामा लगानी भएको व्यक्ति पनि समितिको अध्यक्ष र सदस्य हुन रोक लगाइएको छ। शिक्षक तथा कर्मचारीबाट अवकाश भएको दुई वर्ष पूरा नभएकोले अध्यक्ष र सदस्य भन्न नपाइने प्रावधान नियमावलीमा राखिएको छ।

व्यवस्थापन समितिको अध्यक्ष छनोट गर्न स्थानीय तहले अभिभावकको भेला बोलाउने प्रावधान राखिएको छ। यसअघि प्रधानाध्यापकले भेला बोलाउने गरिएको थियो।

अध्यक्ष वा सदस्य छनोट गर्ने सम्बन्धमा अभिभावकहरूलाई सहयोग गर्न स्थानीय तहको शिक्षासम्बन्धी विषय हेर्ने शाखा प्रमुखको संयोजकत्वमा सम्बन्धित वडाले तोकेको वडा सदस्य र सम्बन्धित विद्यालयको प्रधानाध्यापक रहेको तीन सदस्यीय छनोट समिति रहने व्यवस्था राखिएको छ।

# आधारभूत सहकारी तालिम सञ्चालन



**राधिका भुसाल**
*प्यूठान*

प्यूठानमा आधारभूत सहकारी तालिम सञ्चालन भएको छ। माण्डवी गाउँपालिकाको सभाहलमा सोमबारदेखि ४ दिने आधारभूत तालिम सञ्चालन भएको हो।

तालिममा सहकारीका आधारभूत पक्ष, कानुनी आयाम र सहकारीको व्यवस्थापकीय पक्षलाई मुख्य रुपमा प्रशिक्षण गरिने आयोजकले जनाएको छ। सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र नयाँ बानेश्वर काठमाण्डौको आयोजना साथै जिल्ला सहकारी संघ लि. प्यूठानको समन्वयमा सञ्चालन भएको तालिमको उद्घाटन माण्डवी गाउँपालिकाका अध्यक्ष नमराज अधिकारी(रोशन) ले गरेका थिए।

कतिपय सहकारी सञ्चालकको व्यवस्थापकीय पक्ष कमजोर हुँदा सदस्यहरु मर्कामा परेको माण्डवी गाउँपालिका प्यूठानका अध्यक्ष एवं कार्यक्रमका प्रमुख अतिथि नमराज अधिकारीले बताए। "सहकारीहरुले सदस्यहरुको भावना उजागर गर्न सक्नुपर्छ," अध्यक्ष अधिकारीले भने-"जुन उदेश्य बोकेर सहकारी स्थापना भएका छन् सोही अनुसार काम गरेमा सहकारीमा समस्या आउँदैन।" सहकारी प्रतिको बुझाइ साझा हुन जरुरी रहेको भन्दै ४ दिने तालिमले धैरेकुरा सिकाउने उनले बताए। तालिममा सहभागीहरुले आफुले सिकेका सवल पक्षहरु आफ्नो सस्थामा लागु गर्नु पर्ने अध्यक्ष अधिकारीले बताए। सहकारीको अस्थित्वलाई बलियो बनाउन तालिमले थप सहयोग तथा प्रेरणा मिल्ने समेत उनले जनाए।

कार्यक्रममा माण्डवी गाउँपालिकाका उपाध्यक्ष पूर्ण प्रसाद कालाथोकी, प्रमुख प्रसाशकीय अधिकृत भिमकान्त भण्डारी, जिल्ला सहकारी संघका अध्यक्ष सुशील पोखरेलले समेत आफ्ना धारणा राखेका थिए।

प्रशिक्षक रुपेशराज खनालको स्वागत मन्तव्यसंगै सुरु भएको कार्यक्रम सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रका नि.प्राचार्य शोभा घिमिरेको अध्यक्षता रहेको थियो भने उद्घाटन सत्रको सञ्चालन प्रशिक्षक शिशिर रिजालले गरेका थिए। तालिममा विभिन्न प्रकृतिका सहकारीहरुबाट व्यवस्थापक र सञ्चालक समितिका पदाधिकारी गरी करिब ५० जनाको सहभागिता रहेको छ।

# ट्रेड युनियन अफिस खाली गर्न 'अल्टिमेटम'

बुटवल। सरकारले निजामती कर्मचारीका ट्रेड युनियनलाई तीन दिनभित्र कार्यालय खाली गर्न 'अल्टिमेटम' दिएको छ। भूमि व्यवस्था, सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सोमबार (असार २२) सूचना जारी गर्दै निजामती कर्मचारीका ट्रेड युनियनले सरकारी जग्गामा बनाएका कार्यालय भवन तथा अरू भौतिक संरचना तीन दिनभित्र खाली गर्न निर्देशन दिएको हो।

तोकिएको अवधिभित्र आवश्यक कागजात, सम्पत्तिको जिम्मेवारी र भवनको साँचो मन्त्रालयको आन्तरिक व्यवस्थापन महाशाखामा नबुझाए कानुनबमोजिम कारबाही प्रक्रिया अघि बढाइने चेतावनी दिइएको छ।

मन्त्रालयका शाखा अधिकृत विवेक विडारीको हस्ताक्षर रहेको सूचनामा सरकारी सम्पत्तिको संरक्षण र कानुन कार्यान्वयनका निम्ति यो कदम चालिएको उल्लेख छ। सरकारी स्वामित्वको जग्गा भोगचलन गरी बनाइएका भवन, संरचना वा बहालमा दिइएका ठाउँहरू खाली गरी मन्त्रालयमा बुझाउन सूचनामार्फत निर्देशन दिइएको छ।

सूचनामार्फत् आठ ट्रेड युनियनलाई आफ्ना कार्यालय र संरचना खाली गर्न भनिएको छ। नेपाल निजामती कर्मचारी युनियन, स्वतन्त्र राष्ट्रसेवक कर्मचारी संगठन, नेपाल मधेसी निजामती कर्मचारी मञ्च, नेपाल निजामती कर्मचारी संगठन, नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन, एकीकृत सरकारी कर्मचारी संगठन नेपाल, नेपाल स्वास्थ्यकर्मी संघ र मधेसी स्वास्थ्यकर्मी फोरम नेपालका कार्यालय हटाउन भनिएको हो।

सरकारले केही नेपाल ऐन संशोधनसम्बन्धी अध्यादेशमार्फत ट्रेड युनियनसम्बन्धी प्रावधान पनि हटाएको थियो।







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com